# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८ ) काठमाडौं, जेठ १० गते २०४५ साल ( संख्या ६


## भाग ३

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

## सूचना १

**नगर निर्माण योजना कार्यान्वयन (पहिलो संशोधन) नियमावली, २०४५**

नगर निर्माण योजना कार्यान्वयन नियमावली, २०३२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नगर निर्माण योजना कार्यान्वयन (पहिलो संशोधन) नियमावली, २०४५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. नगर निर्माण योजना कार्यान्वयन नियमावली, २०३२ को नियम १९ मा संशोधनः

नगर निर्माण योजना कार्यान्वयन नियमावली, २०३२ को नियम १९ को सट्टा देहायको नियम १९ राखिएको छ :–

"१९. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा आवास तथा भौतिक योजना मन्त्रालयमार्फत राख्नु पर्नेछ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।